# आन्तरिक राजस्व विभाग

## नियमावलीहरुमा भएको संशोधन तथा परिमार्जन

| क्र.सं. | नियम/अनुसूची | साविकको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| **आयकर नियमावली, २०५९ मा भएको संशोधन** | | | |
| १ | नियम २३ को उपनियम (२) | उपनियम (१) बमोजिम स्थायी नम्बर लिन अनिवार्य नभएको र स्थायी लेखा नम्बर प्राप्त गरी नसकेको अन्य व्यक्तिले पनि स्थायी लेखा नम्बरको लागि विभागमा निवेदन दिन सक्नेछ। | "स्थायी नम्बर" भन्ने शब्दहरूको सट्टा "**स्थायी लेखा नम्बर**" भन्ने शब्दहरू राखिएका। |
| **मूल्य अभिवृद्धि कर ऐन, २०५३ मा भएको संशोधन** | | | |
| १ | नियम ६ को उपनियम (१) | नियम ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ९ मा उल्लेख भए बमोजिम विगत बाह्र महिनामा वस्तुको हकमा पचास लाख रूपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवाको हकमा बीस लाख रूपैयाँसम्मको कारोबार गर्ने व्यक्तिले आफ्नो कारोबार दर्ता गराउन पर्ने छैन। यसरी कारोबार दर्ता गराउन नपर्ने व्यक्तिले आफ्नो कारोबार स्थलमा वस्तुको हकमा पचास लाख रूपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवाको हकमा बीस लाख रूपैयाँसम्मको कारोबार मात्र भएकोले दर्ता हुनु नपर्ने भन्ने सूचना सबैले देख्ने गरी राख्नु पर्नेछ।<br><br>तर नेपालभित्र कर छुटको कारोबार गर्ने व्यक्तिको आफ्नो उपयोगका लागि आफैं पैठारी गर्नेदेखि बाहेक अन्य कुनै पनि व्यक्तिले एक पटकमा दश हजार रूपैयाँ भन्दा बढीको करयोग्य वस्तु पैठारी गर्दा आफ्नो कारोबार दर्ता गराउनु पर्नेछ। | ठाउँ ठाउँमा रहेका "वस्तुको हकमा" भन्ने शब्दहरूको सट्टा "**वस्तु, ढुवानी साधन भाडा वा ढुवानी सेवाको हकमा**" भन्ने शब्दहरू राखिएका। |
| २ | नियम ७ | (१) कुनै व्यक्तिको वार्षिक कारोबार वस्तुको हकमा पचास लाख रूपैयाँसम्म र वस्तु | ठाउँ ठाउँमा रहेका "वस्तुको हकमा" भन्ने शब्दहरूको सट्टा "**वस्तु, ढुवानी** |

| | | | |
|---|---|---|---|
| | | तथा सेवा मिश्रित कारोबार र सेवा व्यवसायको हकमा बीस लाख रूपैयाँ नाघ्ने अनुमान गर्न सक्ने अवस्था भएमा त्यस्तो अवस्था खुलाई अनुसूची–१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।<br>(२) उपनियम (१) बमोजिम अनुमान गर्न सकिने अवस्था नभई कसैले गरेको कारोबारको रकम वस्तुको हकमा पचास लाख रूपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवा व्यवसायको हकमा बीस लाख रूपैयाँ नाघ्न गएमा त्यसरी नाघेको मितिले तीस दिनभित्र त्यस्तो कारोबार गर्ने व्यक्तिले अनुसूची–१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ। | **साधन भाडा वा ढुवानी सेवाको हकमा**" भन्ने शब्दहरू राखिएका। |
| ३ | नियम ७क. | नभएको। | उपनियम (४) पछि देहायका उपनियम (५), (६) र (७) थपिएका छन्:-<br>(५) उपनियम (४) बमोजिम निवेदन प्राप्त भएमा करदाताले पेश गरेको मूल्य अभिवृद्धि कर विवरण तथा अन्य कागजात सम्बन्धित कर अधिकृतले जाँचबुझ गरी पन्ध्र दिनभित्र अस्थायी दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।<br>(६) उपनियम (२) बमोजिम निवेदकले राखेको धरौटी उपनियम (४) |

| | | | |
|---|---|---|---|
| | | | बमोजिम बुझाउनु पर्ने मूल्य अभिवृद्धि करमा मिलान गर्न पाउनेछ।<br>(७) उपनियम (५) बमोजिम जाँचबुझ गर्दा थप कर निर्धारण हुन गएमा निवेदकलाई कर दाखिला गर्न तीन दिनको सूचना दिइनेछ। सो अवधिभित्र निवेदकले कर दाखिला नगरेमा निजले धरौटी राखेको रकमबाट असुल गरिनेछ र सो रकमबाट पनि नपुगेमा बाँकी रकम आयोजकबाट असुल गरिनेछ। |
| ४ | नियम १६क. को खण्ड (च) | नेपालको कोड भएको सिम कार्ड वा नेपालको ल्याण्डलाईन टेलिफोन प्रयोग गरी सेवा प्राप्त गरेमा। | "**टेलिफोन**" भन्ने शब्द झिकिएको। |
| ५ | नियम २६ को उपनियम (३ख) | ईटा उद्योग, छापा, छापा तथा विद्युतीय प्रकाशन वा प्रसारण गृह, होटल, पर्यटन तथा चलचित्र घरले चाहेमा विभागले विवरण पेश गर्ने अवधि चौमासिक कायम गर्न सक्नेछ। | को साविकको व्यवस्थाको सट्टा देहायको उपनियम (३ख) राखिएको:-<br>छापा, विद्युतीय, छापा तथा विद्युतीय प्रकाशन वा प्रसारण गृह र वार्षिक एक करोड रूपैयाँसम्मको कारोबार गर्ने करदाताले चाहेमा विभागले विवरण पेश गर्ने अवधि चौमासिक कायम गर्न सक्नेछ। |
| ६ | नियम ४५ को उपनियम (४) | नभएको। | ऐनको दफा २५ को उपदफा (१) को खण्ड (क), (क१) र (क२) बमोजिमको कर फिर्ता विद्युतीय माध्यमबाट स्वचालित रूपमा गरिनेछ। यस सम्बन्धी कार्यविधि |

| | | | |
|---|---|---|---|
| | | | विभागले निर्धारण गरे बमोजिम हुनेछ। |
| ७ | अनुसूची -८ मा संशोधन | खरिद खाताको महल नं. ५ को "खरिद/पैठारी गरिएका वस्तु वा सेवाको विवरण" र महल नं. ६ को "खरिद/पैठारी गरिएका वस्तुको परिमाण" सम्बन्धी महल | झिकिएको। |
| ८ | अनुसूची -९ मा संशोधन | बिक्री खाताको महल नं.५ को "वस्तु वा सेवाको नाम" र महल नं. ६ को "वस्तु वा सेवाको परिमाण" महल र सो अनुसूचीको अन्त्यमा रहेको नोट। | झिकिएको। |
| **अन्तःशुल्क नियमावली, २०५९ मा संशोधन** | | | |
| १ | नियम १० को उपनियम (२) | उपनियम (१) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री गर्ने वस्तु रहेको स्थानको स्थानीय निकायको एक जना प्रतिनिधि वा नजिकको सरकारी कार्यालयको एक जना कर्मचारी र सम्भव भएसम्म सम्बन्धित व्यक्ति वा निजको प्रतिनिधि समेतलाई रोहबरमा राख्नु पर्नेछ। | "स्थानीय निकायको" भन्ने शब्दहरूको सट्टा **"स्थानीय तहको"** भन्ने शब्दहरू राखिएका। |
| २ | नियम १३ङ को उपनियम (१) | ऐनको दफा ३ख. को उपदफा (५) बमोजिम अन्तःशुल्क फिर्ता पाउन आन्तरिक राजस्व विभागले तोकेको ढाँचामा अन्तःशुल्क अधिकृत समक्ष दरखास्त पेश गर्नु पर्नेछ। | **"आन्तरिक राजस्व"** भन्ने शब्दहरु झिकिएका। |
| ३ | नियम २९ग. | <u>पारदर्शी प्लाष्टिकको खोल (श्रिंक क्याप) प्रयोग गर्नु पर्ने:</u> मदिरा उत्पादन गर्ने प्रतिष्ठानले आफूले उत्पादन गरेको मदिरा (बियर, वाइन र साईडर बाहेक) को बोतलमा अन्तःशुल्क टिकटको सुरक्षाको लागि पारदर्शी प्लाष्टिकको खोल (श्रिंक क्याप) प्रयोग गर्नु पर्नेछ। | <u>पारदर्शी प्लाष्टिकको खोल (श्रिंक क्याप) प्रयोग गर्नु पर्ने:</u> (१) मदिरा उत्पादन गर्ने प्रतिष्ठानले आफूले उत्पादन गरेको र पैठारी गर्ने इजाजतपत्रवालाले पैठारी गरेको मदिरा (बियर, वाइन र साइडर बाहेक) को बोतलमा अन्तःशुल्क टिकटको सुरक्षाको लागि पारदर्शी |

| | | | |
|---|---|---|---|
| | | | प्लाष्टिकको खोल (श्रिंक क्याप) प्रयोग गर्नु पर्नेछ।<br><br>(२) पैठारी गर्ने इजाजतपत्रवालाको हकमा उपनियम (१) बमोजिमको व्यवस्था संवत् २०८० साल असोज १ गतेबाट लागू हुनेछ। |
| ४ | नियम २९घ. | नभएको | नियम २९ग. पछि देहायको नियम २९घ थपिएकोः<br><br>**<u>जैविक रूपमा सडेर जाने सामग्रीमा प्याकिङ्ग गर्नु पर्नेः</u>** (१) सुर्ती, खैनी, गुट्खा, पान मसला, स्वीट सुपारी वा यस्तै प्रकारका वस्तु उत्पादन गर्ने प्रतिष्ठानले संवत् २०८१ साल वैशाख १ गतेबाट प्लाष्टिक बाहेकका जैविक रुपमा सडेर जाने (बायोडिग्रेडेवल) सामग्रीमा मात्रै प्याकिङ्ग गर्नु पर्नेछ।<br><br>(२) उपनियम (१) बमोजिमको वस्तु पैठारी गर्ने इजाजतपत्रवालाले त्यस्तो वस्तुको प्याकिङ्ग सो उपनियम बमोजिमको सामग्रीमा गरिएको हुनु पर्नेछ। |
| ५ | नियम ३४ को उपनियम (३क) | नभएको | उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छः-<br><br>स्प्रिट उत्पादन गर्ने इजाजतपत्रवालाले एक्स्ट्रा न्यूट्रल अल्कोहल (ई.एन.ए.) लाई रिडिस्टिलेसन गर्न चाहेमा विभागबाट अनुमति लिई रिडिस्टिलेसन |

| | | | |
|---|---|---|---|
| | | | गर्न सक्नेछ। यसरी रिडिस्टिलेसन गर्दा १०० लिटर ई.एन.ए. बाट न्यूनतम ९८ लिटर ई.एन.ए. उत्पादन गर्नु पर्नेछ। |
| ६ | अनुसूची-२ को देहायको अनुसूची-२ राखिएको छ। | | |

अनुसूची-२

(नियम ३ र ५ सँग सम्बन्धित)

इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर

इजाजतपत्र लिनु पर्ने वस्तु तथा सेवाको इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर देहाय बमोजिम हुनेछः-

| क.सं. | विवरण | दस्तुर रु. |
|---|---|---|
| **१.** | **मदिरा र इथानोल उत्पादनतर्फ** | |
| (क) | स्प्रिट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु.२,५०,०००।- |
| (ख) | बियर उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु.२,५०,०००।- |
| (ग) | ईथानोल उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु.२,५०,०००।- |
| (घ) | वाईन/ब्राण्डी (फलफूलमा आधारित) मात्र बनाउने प्रतिष्ठानको लागि | रु.१,००,०००।- |
| (ङ) | अन्य मदिरा उत्पादनका लागि | रु.२,५०,०००।- |
| (च) | चुरोट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु.३,००,०००।- |
| **२.** | **मदिरा बिक्री वितरणतर्फ** | |
| **(क)** | **होटल, रेष्टुरेण्ट तथा लजहरुको लागि** | |
| (१) | पाँचतारे होटल | रु.७५,०००।- |
| (२) | चारतारे होटल | रु.६०,०००।- |
| (३) | तीनतारे होटल | रु.४५,०००।- |
| (४) | दुईतारे होटल | रु.३०,०००।- |
| (५) | एकतारे होटल | रु.१५,०००।- |
| (६) | स्वदेशी तथा विदेशी मदिरा बोतल खोली बिक्री गर्ने पर्यटकस्तरको रेष्टुरेण्ट, रिसोर्ट तथा पार्टी प्यालेस | रु.११,०००।- |
| (७) | स्वदेशी मदिरा बोतल खोली बिक्री वितरण गर्ने साधारण होटल, रेष्टुरेण्ट र बार तथा लज | रु.६,०००।- |
| **(ख)** | **मदिरा बिक्रेताको लागिः** | |
| (१) | मदिरा वितरक | रु.४५,०००।- |
| (२) | थोक बिक्रेता | रु.३०,०००।- |
| (३) | स्वदेशी तथा विदेशी मदिरा बिक्री गर्ने खुद्रा बिक्रेता | रु.१५,०००।- |
| (४) | महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा स्वदेशी | रु.११,०००।- |

| | | |
|---|---|---|
| | मदिरा मात्र बिक्री गर्ने खुद्रा बिक्रेता | |
| (५) | महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका बाहेकका अन्य क्षेत्रमा स्वदेशी मदिरा मात्र बिक्री गर्ने खुद्रा बिक्रेता | रु.६,०००।- |
| (६) | डिपार्टमेण्टल स्टोर | रु.३०,०००।- |
| **(ग)** | **मदिरा निकासी तथा पैठारीकर्ताको लागिः** | |
| (१) | विदेशी मदिरा र स्प्रिट पैठारीकर्ता | रु.६०,०००।- |
| (२) | मदिरा निकासीकर्ता | रु.६,०००।- |
| **३.** | **पैठारी तथा अन्य वस्तु खरिद बिक्री र उत्पादनतर्फः** | |
| (क) | विदेशी चुरोट र सिगार | रु.६०,०००।- |
| (ख) | सुर्ती तथा सुर्तीजन्य वस्तु (विदेशी खैनी, जर्दा, नश तथा पानमसला आदि) पैठारी गर्नेको लागि | रु.६०,०००।- |
| (ग) | पानमसला, चुरोट, खैनी, जर्दा, नश, सुर्ती, तथा सुर्तीजन्य वस्तु थोक बिक्री | रु.१२,०००।- |
| (घ) | पानमसला, खैनी, जर्दा, नश, सुर्ती तथा सुर्तीजन्य वस्तु (चुरोट बाहेक) उत्पादन गर्नेको लागि | रु.२,००,०००।- |
| (ङ) | चुरोट, खैनी, जर्दा, नश, सुर्ती तथा पानमसला खुद्रा खरिद बिक्री गर्नेको लागि | रु.३,०००।- |
| (च) | विदेशी खुँदो र गुँड पैठारी गर्नेको लागि | रु.२५,०००।- |
| (छ) | खुँदो, गुँड र स्प्रिट खरिद बिक्री (निकासी समेत) गर्नेको लागि | रु.१०,०००।- |
| (झ) | नेपाल बाहिर चुरोट र अन्य सुर्तीजन्य वस्तुहरू निकासीकर्ता | रु.६,०००।- |
| (ञ) | माथि खण्ड (क) देखि (झ) सम्म उल्लेख नभएका तर स्वदेशमा उत्पादन गर्दा अन्तःशुल्क लाग्ने वस्तुहरू पैठारी गर्नेको लागि | रु.१५,०००।- |
| (ट) | पावर क्रसर प्रयोग गरी उत्पादन हुने सख्खर (गुण), कालो सख्खर, रसकट उत्पादन गर्ने देहाय बमोजिमका उद्योगको लागिः | |
| | (१) भर्टिकल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावरसम्मको) | रु.३०,०००।- |
| | (२) होरिजेन्टल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावर भन्दा बढीको) | रु.६०,०००।- |
| (ठ) | खण्ड (क) देखि (ञ) सम्म उल्लेख नभएका तर पैठारी गर्दा अन्तःशुल्क लाग्ने वस्तुहरु पैठारी गर्नेको लागि | रु.१५,०००।- |
| ४. | माथि क्र.सं. १, २ र ३ मा उल्लेख भए बाहेकको हकमा प्रतिष्ठानको स्थिर पुँजीको आधारमा प्रत्येक एक लाख रूपैयाँ स्थिर पुँजी भएको प्रतिष्ठानलाई साठी रूपैयाँका दरले उत्पादन ईजाजतपत्र दस्तुर लाग्नेछ। यस्तो ईजाजतपत्र दस्तुर न्यूनतम एघार हजार | |

| | | | |
|---|---|---|---|
| | | रूपैयाँभन्दा कम र अधिकतम साठी हजार रूपैयाँभन्दा बढी हुने छैन। | |
| | ५. | यस अनुसूची बमोजिमको दस्तुर औद्योगिक व्यवसाय ऐन,२०७६ को अनुसूची-१० मा उल्लेख भएका अति अविकसित क्षेत्रका फलफूलमा आधारित वाइन एवं मदिरा उद्योगको हकमा पचहत्तर प्रतिशतले कम दस्तुर लाग्नेछ। | |
| ७ | अनुसूची-४क. र ४ख. | "दस्तुर" | ठाउँ ठाउँमा रहेका "दस्तुर" भन्ने शब्दको सट्टा **"शुल्क"** भन्ने शब्द राखिएका। |
| **मदिरा नियमहरू, २०३३ मा संशोधन** | | | |
| १ | नियम ३ | <u>**इजाजतपत्र लिनु पर्नेः**</u> (१) मदिराको उत्पादन, बिक्री वितरण वा निकासी पैठारी गर्न चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा अन्तःशुल्क अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ।<br>(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तमा अन्तःशुल्क अधिकारीले आवश्यक जाँचबुझ गरी मनासिब देखेमा अनुसूची-२ बमोजिमको इजाजतपत्र दिन सक्नेछ। | ठाउँ ठाउँमा रहेका "अन्तःशुल्क अधिकारी" भन्ने शब्दहरूको सट्टा **"अन्तःशुल्क अधिकृत"** भन्ने शब्दहरू राखिएका। |
| २ | नियम (६) को उपनियम (३) | उपनियम (२) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण नगराउने इजाजतपत्रवालाले त्यस्तो अवधि नाघेको पहिलो तीन महिनाभित्र पच्चीस प्रतिशत, त्यसपछिको तीन महिनाभित्र पचास प्रतिशत, त्यसपछिको तीन महिनाभित्र पचहत्तर प्रतिशत र त्यसपछि असार मसान्तसम्मको अवधिको लागि शत प्रतिशत जरिवाना बुझाई नवीकरण गराउन सक्नेछ । | "नवीकरण नगराउने" भन्ने शब्दहरू पछि **"उत्पादन र पैठारी गर्ने बाहेकका"** भन्ने शब्दहरू थपिएका |
| ३ | नियम (६) को | उपनियम (३) मा तोकिएको अवधि | **साविकको सट्टा देहायको उपनियम (४)** |

| | | | |
|---|---|---|---|
| | उपनियम (४) | समाप्त भएपछि नवीकरण गराउन चाहेमा नवीकरण बापत लाग्ने नियम (४) बमोजिमको दस्तुरमा प्रत्येक आर्थिक बर्षको लागि शत प्रतिशत थप इजाजतपत्र नवीकरण दस्तुर र बक्यौता रकम समेत बुझाई इजाजतपत्र नवीकरण गराउन सक्नेछ। | **राखिएकोः**<br>उपनियम (२) बमोजिमको अवधिभित्र नवीकरण नगराउने उत्पादन र पैठारी गर्ने इजाजतपत्रवालाले नवीकरण बापत लाग्ने दस्तुर र त्यस्तो अवधि नाघेको पहिलो तीन महिनाभित्र भए नवीकरण दस्तुरको पचास प्रतिशत र त्यसपछिको तीन महिनाभित्र शतप्रतिशत जरिवाना बुझाई इजाजतपत्र नवीकरण गराउन सक्नेछ। |
| ४ | नियम (६) को उपनियम (४क) | नभएको | उपनियम (४) पछि देहायको उपनियम (४क) थपिएकोः<br>उपनियम (३) बमोजिमको अवधिभित्र पनि नवीकरण नगराउने इजाजतपत्रवालाको इजाजतपत्र स्वतः खारेज हुनेछ। |